# संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन–२०८०

## (Organization and Management Survey Report-2080)

पहिलो संशोधन, २०८१

## बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

**पहिलो संशोधन मिति २०८१।०९।२९**

प्रमाणीकरण मिति : २०८१।१०।०१

## १. पृष्ठभूमि

संविधानमा उल्लेख भएको स्थानीय तहको बर्तमान जिम्मेवारी, जनशक्तिको विद्यमान अवस्था, स्थानीय सरकारको रुपमा निर्वाह गर्नु पर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीय पालिकावासीको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्न आएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन विशेष पहल आवश्यक देखिन्छ । यसका लागि अन्तरिम संगठन एवं दरवन्दी व्यवस्थापनमा आवश्यक परिमार्जन गरी गाउँपालिकाको कार्य विभाजन र कार्य सम्पादनमा सघाउ पुऱ्याउन आवश्यक देखिएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भए बमोजिम स्थानीय तहका कर्मचारीहरुको तहगत प्रणाली अपनाउने विषयलाई ध्यानमा राखी बैजनाथ गाउँपालिकाको विद्यमान संगठन संरचना, कर्मचारी दरवन्दी, कार्यबोझ समेतको अध्ययन गरी पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० यसअघि तयार गरिसकेको छ । हाल गाउँपालिकाले गाउँसभाबाट पारित गरेका केही कार्यक्रमहरुलाई पालिकामा रहेको विद्यमान जनशक्तिको भरमा मात्र समयमा सम्पन्न गर्न कठिन भइरहेको यथार्थतालाई मध्यनजर गरी केही अत्यावश्यक जनशक्तिको व्यवस्थापन गर्नु पर्ने आवश्यकता देखिएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० लाई संशोधन गरिएको छ ।

## २. थप गर्नु पर्ने प्रस्थावित दरवन्दी र यसको औचित्य तथा आवश्यकता

स्थानीय सरकारको रुपमा गाउँपालिकाले संविधान तथा कानूनद्वारा तोकिएका काम कर्तब्य सम्पादन गर्न तथा जनताका माग र आकांक्षाहरुलाई सम्बोधन गर्नुका साथै विकासको लक्ष्य, उद्देश्य र जिम्मेवारी अनुकूल हुने गरी पालिकाका विनियोजित कार्यक्रमहरुको समयसिमा भित्रै समुचित कार्यान्वयनका लागि पालिकामा रहेको विद्यमान जनशक्ति मात्रै प्रयाप्त नभएको अवस्थालाई मध्यनजर गरी केही अत्यावश्यक जनशक्तिको व्यवस्थापन गर्नु पर्ने आवश्यकता देखिएको छ । तसर्थ आवश्यक जनशक्तिको दरवन्दी तथा औचित्य/आवश्यकताको बारेमा तल उल्लेख गरिएको छ :

**प्रशासन, योजना तथा अनुगमन शाखा अन्तरगत**

**गाउँपालिका अध्यक्षको सचिवालय**

***१. सहायक कम्प्यूटर अप्रेटर/पाँचौ/विविध, प्राविधिक/१***

पालिकामा हालसम्म रहेका कम्प्यूटर अप्रेटरहरु पंजिकरण शाखा र प्रशासन शाखामा कार्यरत रहेको र उनीहरु सम्बन्धित शाखाकै कामकाजमा व्यस्त रहने हुँदा गाउँपालिका अध्यक्षको सचिवालयमा खटाउन नसकिएको अवस्था रहेको र पालिका अध्यक्षलाई आवश्यक पर्ने कागजातहरु तथा दस्तावेजहरु निर्माण गर्न, पालिका अध्यक्षलाई अन्य निकायहरुबाट प्राप्त हुने इमेल तथा डिजिटल सूचनाहरुको व्यवस्थापन तथा वाह्य तथा पालिका भित्रका सम्बन्धित निकायहरुमा सूचना, तथ्यांक, तथा आवश्यक कागजातहरु आदान प्रदान गर्न, पालिका अध्यक्षको दैनिक रुपमा हुने भेटघाट, कार्यक्रमसंग सम्बन्धित कार्यतालिकाको समुचित व्यवस्थापन गरी दैनिक रुपमा अध्यक्षलाई जानकारी समेत गराउन अति आवश्यक देखिएको हुँदा पालिका अध्यक्षको सचिवालय अन्तरगत रहने गरी विविध, प्राविधिक सेवा तर्फ पाँचौ तहको १ जना सहायक कम्प्यूटर अप्रेटर परिचालन गर्न अति आवश्यक देखिएको छ ।

**गाउँपालिका उपाध्यक्षको सचिवालय**

***१. सहायक कम्प्यूटर अप्रेटर/चौथो/विविध, प्राविधिक/१***

पालिकामा हालसम्म रहेका कम्प्यूटर अप्रेटरहरु पंजिकरण शाखा र प्रशासन शाखामा कार्यरत रहेको र उनीहरु सम्बन्धित शाखाकै कामकाजमा व्यस्त रहने हुँदा गाउँपालिका उपाध्यक्षको सचिवालयमा खटाउन नसकिएको अवस्था रहेको र पालिका उपाध्यक्षलाई आवश्यक पर्ने कागजातहरु तथा दस्तावेजहरु निर्माण गर्न, पालिका उपाध्यक्षलाई अन्य निकायहरुबाट प्राप्त हुने इमेल तथा डिजिटल सूचनाहरुको व्यवस्थापन तथा वाह्य तथा पालिका भित्रका सम्बन्धित निकायहरुमा सूचना, तथ्यांक, तथा आवश्यक कागजातहरु आदान प्रदान गर्न, पालिका उपाध्यक्षको दैनिक रुपमा हुने भेटघाट, कार्यक्रमसंग सम्बन्धित कार्यतालिकाको समुचित व्यवस्थापन गरी दैनिक रुपमा उपाध्यक्षलाई जानकारी समेत गराउन अति आवश्यक देखिएको हुँदा पालिका उपाध्यक्षको सचिवालय अन्तरगत रहने गरी विविध, प्राविधिक सेवा तर्फ चौथो तहको १ जना सहायक कम्प्यूटर अप्रेटर परिचालन गर्न अति आवश्यक देखिएको छ ।

**गाउँपालिका आर्थिक प्रशासन शाखा**

***१. सहायक कम्प्यूटर अप्रेटर/चौथो/विविध, प्राविधिक/१***

पालिकामा हालसम्म रहेका कम्प्यूटर अप्रेटरहरु पंजिकरण शाखा र प्रशासन शाखामा कार्यरत रहेको र उनीहरु सम्बन्धित शाखाकै कामकाजमा व्यस्त रहने हुँदा आर्थिक प्रशासन शाखामा खटाउन सकिएको अवस्था नरहेको र सो शाखामा कामको अत्यधिक चाँप परेको, २ जना जनशक्तिले काम गरिरहेको अबस्थामा समयमै कार्य सम्पादन गर्न असहज रहेको, डिजिटल गभर्नेन्स अनुसार काम गर्नको लागि प्रविधिमा सीप युक्त १ (एक) जना कर्मचारी आवश्यक भएको हुनाले आर्थिक प्रशासन शाखा अन्तरगत रहने गरी विविध, प्राविधिक सेवा तर्फ चौथो तहको १ जना सहायक कम्प्यूटर अप्रेटर परिचालन गर्न अति आवश्यक देखिएको छ ।

**नगर प्रहरी**

**१. प्रहरी सहायक निरिक्षक/रा.प.अनं. चौथो वा सो सरह/सुरक्षा/१/करार**

**२. प्रहरी हवलदार/तृतिय/सुरक्षा/१/करार**

**३. प्रहरी जवान/जवान वा सो सरह/सुरक्षा/७/करार**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ को दफा ८३ को उपदफा (८) मा भएको व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी सम्बन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र गर्न सकिने प्रावधान भएकोले यस गाउँपालिकाको शान्ति सुरक्षा व्यवस्थापन तथा विपद व्यवस्थापनमा समेत सहयोग पुर्‍याउने प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृत तथा प्रशासन तथा योजना महाशाखा  अन्तरगत रहने गरी रा.प.अनं. चौथो वा सो सरहको सुरक्षा सेवा तर्फ प्रहरी सहायक निरिक्षक १ जना, सरक्षा सेवा तर्फ तृतिय तहको प्रहरी हवलदार १ जना र जवान वा सो सरहको सुरक्षा सेवा तर्फ प्रहरी जवान ७ जना सेवा करारमा नियूक्त गरी परिचालन गर्न आवश्यक देखिएको छ ।

**आर्थिक विकास शाखा र कृषि विकास उपशाखा अन्तरगत**

**सेवा केन्द्र**

**१. कृषि प्राविधिक/चौथो/बाली संरक्षण/२**

कृषि विकास उपशाखा अन्तरगत पालिकामा हाल विद्यमान रहेको जनशक्ति विशेष गरी *किसानसंग पालिका प्रमुख कार्यक्रम* अन्तरगतका क्रियाकलापहरु समयसिमा भित्र समुचित रुपमा संचालन तथा कार्यान्वयन गर्न अप्रयाप्त रहेको हुँदा उक्त कार्यक्रमलाई समयसिमा भित्र गतिशिल र समुचित रुपमा

संचालन तथा कार्यान्वयन गर्नका लागि थप जनशक्तिको आवश्यकता परेकोले बाली संरक्षण सेवा/समूह तर्फ चौथो तहको २ जना कृषि प्राविधिक परिचालन गर्न आवश्यक देखिएको छ ।

**पशुपंक्षी विकास उपशाखा**

**१. पशु प्राविधिक/चौथो/कृषि भेट/३**

पशुपंक्षी उपशाखा अन्तरगत पालिकामा हाल विद्यमान रहेको जनशक्ति विशेष गरी *किसानसंग पालिका प्रमुख कार्यक्रम* अन्तरगतका क्रियाकलापहरु समयसिमा भित्र समुचित रुपमा संचालन तथा कार्यान्वयन गर्न अप्रयाप्त रहेको हुँदा उक्त कार्यक्रमलाई समयसिमा भित्र गतिशिल र समुचित रुपमा संचालन तथा कार्यान्वयन गर्नका लागि थप जनशक्तिको आवश्यकता परेकोले कृषि भेटनरी सेवा/समूह तर्फ चौथो तहको ३ जना पशु प्राविधिक परिचालन गर्न आवश्यक देखिएको छ ।

## बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रस्तावित संशोधित संगठन संरचना

गाउँसभा → विभिन्न समितिहरु

गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, विधेयक तथा सुशासन समिति

अध्यक्ष → उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत
रा.प. तृतीय-१

**प्रशासन, योजना तथा अनुगमन शाखा**
**प्रशासन इकाई**
अधिकृत प्रशासन छैठौं - १
सहायक पाँचौ - १
**योजना तथा अनुगमन उपशाखा**
अधिकृत छैठौं (सा.प्र) - १
**सुचना प्रविधि उपशाखा**
अधिकृत IT (विविध) छैठौं - १
प्रशासन सहायक पाँचौं - १
**वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई**
वन अधिकृत छैठौं - १
**खरिद इकाई**
सहायक पाँचौं (सा.प्र) - १
**न्यायीक समिति**
सहायक (कानुन) चौथो - १

**गा.पा. अध्यक्षको सचिवालय**
क.अ. (विविध. प्रा) पाँचौ - १

**गा.पा. उपाध्यक्षको सचिवालय**
स.क.अ. (विविध, प्रा) चौथो - १

**वडा कार्यालय**
सहायक पाँचौं - ८
सहायक चौथो - ८
अ.सव.ईन्जि. - ८
का.स.(करार सेवा) - ८

**पुर्वाधार विकास शाखा**
ईन्जिनियर (सिभिल, जनरल)सातौं/आठौं - १
स.ई. (सिभिल, जनरल) पाँचौं - १
अ.स.ई. (सिभिल, जनरल) चौथो - १
**आवास भवन तथा नक्सापास उपशाखा**
ईन्जिनियर (आर्किटेक्ट) छैठौं - १
अ.स.ई. (सिभिल, जनरल) चौथो - १
सर्वेक्षक (प्रा.) पाँचौं - १

**समाज कल्याण शाखा**
अधिकृत छैठौं (प्रशासन) - १
**महिला, बालबालिका तथा समाज कल्याण उपशाखा**
महिला विकास निरिक्षक सहायक पाँचौ (विविध) - १
सहायक महिला विकास निरिक्षक सहायक चौथो (विविध) - १
**पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा**
सहायक पाँचौं (सा.प्र) - १

**जनस्वास्थ्य प्रवर्धन शाखा**
जनस्वास्थ्य अधिकृत (प्रा.) सातौं - १
**जनस्वास्थ्य प्रवर्धन उपशाखा**
जनस्वास्थ्य अधिकृत छैठौं - १
मातृशिशु नर्सिङ अधिकृत छैठौं - १

**सेवा केन्द्रहरु**
प्राथमिक स्वास्थ्य केन्द्र PHC - रेडियोग्राफर पाँचौं - १
स्वास्थ्य चौकी - ६
आधारभुत स्वास्थ्य केन्द्र - ३

**शिक्षा, युवा तथा खेलकुद शाखा**
शा.अ. (शिक्षा) वा अधिकृत सातौं/आठौं - १
प्राविधिक सहायक - सहायक पाँचौं - १

- बालबिकास केन्द्र
- विद्यालय
- खेलकुद समिति/केन्द्र
- युवा विकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायी
- तालिम केन्द्र आदि

**आर्थिक विकास शाखा र कृषि विकास उपशाखा**
अधिकृत कृषि/कृ.प्रसार छैठौं/सातौं - १
कृषि प्राविधिक, कृ.प्रसार पाँचौं - १
**सेवा केन्द्र**
कृषि प्राविधिक, कृ.प्रसार पाँचौं - ४
कृषि प्राविधिक, बालि संरक्षण चौथो - ४
**पशुपन्छी विकास उपशाखा**
अधिकृत (पशु विकास) छैठौं/सातौं - १
पशु प्राविधिक, कृ.लापोडेडे पाँचौं - १
**सेवा केन्द्र**
पशु प्राविधिक, कृ.भेट पाँचौं - २
पशु प्राविधिक, कृ.लापोडेडे चौथो - २
पशु प्राविधिक, कृ.भेट चौथो - ३
**सहकारी, उद्योग, पर्यटन, श्रम तथा रोजगार उपशाखा**
सहायक पाँचौं (सा.प्र) - १
**उपभोक्ता हकहित तथा बजार अनुगमन उपशाखा**
प्राविधिक खाद्य प्रविधि पाँचौं - १

**इकाई/सेवा केन्द्रहरु**
- पर्यटन
- घरेलु तथा साना उद्योग
- कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
- अन्य

**वित्त व्यवस्थापन शाखा**
लेखा अधिकृत (प्रशासन/लेखा) सातौं/आठौं - १
**आर्थिक प्रशासन उपशाखा**
(प्र./लेखा) चौथो/पाँचौं - १
**राजस्व प्रशासन उपशाखा**
क.अ. (विविध सेवा प्रा.) पाँचौं - १
**बिबिध**
स.क.अ. -१

**आन्तरिक तथा पुर्व लेखा परिक्षण इकाई**
आन्तरिक लेखा परिक्षक (प्रशासन/ले.प.) सहायक पाँचौं - १

## ३. मानव श्रोत योजना तर्जुमा (प्रस्तावित दरवन्दी)

सर्वेक्षण पश्चात गापाको संगठन संरचना तथा नियन्त्रणको सिमा, आदेशको एकात्मकता, सुपरीवेक्षण र अधिकार प्रत्यायोजनको आधारमा कर्मचारी दरबन्दीको प्रस्ताव तयार गरिएको छ। प्रस्तावित दरवन्दी अनुसार गापा, वडा तथा स्वास्थ्य संस्था समेत गरि कुल ८३ जना कर्मचारी रहनेछन्। यस सम्बन्धी विष्तृत विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १: बैजनाथ गापाको प्रस्तावित संगठन संरचना अनुसार प्रस्तावित जनशक्ति विवरण**

| क्र.सं. | शाखा/उपशाखा/इकाई | पदनाम | तह | सेवा/समूह | प्रस्तावित दरबन्दी | दरबन्दीको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **गाउँ कार्यपालिका कार्यालय** | **प्रमुख प्रशासकीय अधिकृत** | रा.प. तृतिय | प्र. (सा.प्र.) | १ | स्थायी | |
| २ | **प्रशासन योजना तथा अनुगमन शाखा** | | | | | | |
| २.१ | प्रशासन इकाई | प्रशासन अधिकृत | छैठौं | प्र.(सा.प्र.) | १ | स्थायी | |
| | | सहायक | पाँचौं | प्र.(सा.प्र.) | १ | स्थायी | |
| २.२ | योजना तथा अनुगमन उपशाखा | अधिकृत | छैठौं | सा.प्र | १ | स्थायी | |
| २.३ | सुचना प्रविधि उपशाखा | अधिकृत | छैठौं | विविध | १ | स्थायी | |
| २.४ | वातावरण, सरसफाई तथा विपद व्यवस्थापन इकाई | वन अधिकृत | छैठौं | प्रा. (वन) | १ | स्थायी | |
| २.५ | खरिद इकाई | सहायक | पाँचौं | (सा.प्र.) | १ | स्थायी | |
| २.६ | न्यायिक समिति | सहायक | पाँचौ | कानून | १ | स्थायी | |
| २.७ | गा.पा. अध्यक्षको सचिवालय | स.क.अ. | पाँचौ | विविध, प्रा. | १ | स्थायी | |
| २.८ | गा.पा. उपाध्यक्षको सचिवालय | स.क.अ. | चौथो | विविध, प्रा | १ | स्थायी | |
| २.९ | वडा कार्यालय | सहायक | पाँचौ | सा.प्र. | ८ | स्थायी | |
| | | सहायक | चौथो | सा.प्र | ८ | स्थायी | |
| | | अ.सव.ईन्जिनिय | चौथो | प्रा. | ८ | स्थायी | |

| क्र.सं. | शाखा/उपशाखा/इकाई | पदनाम | तह | सेवा/समूह | प्रस्तावित दरबन्दी | दरबन्दीको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | र | | | | | |
| | | कार्यालय सहयोगी | श्रेणी विहिन | | ८ | करार | |
| ३ | **पूर्वाधार विकास शाखा** | ईन्जिनियर (सिभिल, जनरल) | सातौं/आठौं | प्रा. (सि.ई.) | १ | स्थायी | |
| | | सव ईन्जिनियर (सिभिल, जनरल) | पाँचौ | प्रा. (सि.ई.) | १ | स्थायी | |
| | | अ.स. ईन्जिनियर (सिभिल, जनरल) | चौथो | प्रा. (सि.ई.) | १ | स्थायी | |
| ३.१ | आवस, भवन तथा नक्सापास उपशाखा | ईन्जिनियर (आर्किटेक्ट) | छैठौं | प्रा. | १ | स्थायी | |
| | | अ.स.ईन्जिनियर | चौथो | प्रा. | १ | स्थायी | |
| | | सर्वेक्षक | पाँचौ | प्रा. | १ | स्थायी | |
| ४ | **समाज कल्याण शाखा** | अधिकृत | छैठौं | प्रशासन | १ | स्थायी | |
| ४.१ | महिला बालबालिका तथा समाज कल्याण उपशाखा | महिला विकास निरिक्षक | पाँचौं | विविध | १ | स्थायी | |
| | | सहायक महिला विकास निरिक्षक | चौथो | विविध | १ | स्थायी | |
| ४.२ | पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा | सहायक | पाँचौ | सा.प्र | १ | स्थायी | |
| **५** | **जनस्वास्थ्य प्रवर्धन शाखा** | जनस्वास्थ्य अधिकृत | सातौं | प्रा. | १ | स्थायी | |
| ५.१ | जनस्वास्थ्य प्रवर्धन उपशाखा | जनस्वास्थ्य अधिकृत | छैठौं | प्रा. | १ | स्थायी | |
| | | मातृ शिशु नर्सिङ अधिकृत | छैठौं | प्रा. | १ | स्थायी | |
| ५.२ | प्राथमिक स्वास्थ्य केन्द्र | रेडियोग्राफर | पाँचौ | प्रा. | १ | स्थायी | |

| क.सं. | शाखा/उपशाखा/इकाई | पदनाम | तह | सेवा/समूह | प्रस्तावित दरबन्दी | दरबन्दीको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | **शिक्षा, युवा तथा खेलकुद शाखा** | शाखा अधिकृत वा अधिकृत | सातौं/आठौं | शिक्षा | १ | स्थायी | |
| | | प्राविधिक सहायक | पाँचौ | प्रा. | १ | स्थायी | |
| ७ | **आर्थिक विकास शाखा र कृषि विकास उपशाखा** | अधिकृत | छैठौं/सातौं | कृषि | १ | स्थायी | |
| | | कृषि प्राविधिक | पाँचौ | कृषि प्रसार | १ | स्थायी | |
| ७.१ | सेवा केन्द्र | कृषि प्राविधिक | पाँचौ | कृषि प्रसार | ४ | स्थायी | |
| | | कृषि प्राविधिक | चौथो | बाली संरक्षण | ४ | स्थायी | |
| ७.२ | पशुपंक्षी विकास उपशाखा | अधिकृत | छैठौं/सातौं | पशु विकास | १ | स्थायी | |
| | | पशु प्राविधिक | पाँचौ | कृ. लापोडेडे | १ | स्थायी | |
| ७.३ | सेवा केन्द्र | पशु प्राविधिक | पाँचौ | कृ. भेट | २ | स्थायी | |
| | | पशु प्राविधिक | चौथो | कृ. लापोडेडे | २ | स्थायी | |
| | | पशु प्राविधिक | चौथो | कृ. भेट | ३ | स्थायी | |
| ७.४ | सहकारी, उद्योग, पर्यटन, श्रम तथा रोजगार उपशाखा | सहायक | पाँचौ | सा.प्र. | १ | स्थायी | |
| ७.५ | उपभोक्ता हकहित तथा बजार अनुगमन उपशाखा | प्राविधिक | पाँचौं | खद्यप्रविधि | १ | स्थायी | |
| ८ | **वित्त व्यवस्थापन शाखा** | **लेखा अधिकृत** | सातौं/आठौं | प्रशासन/लेखा | **१** | स्थायी | |
| ८.१ | आर्थिक प्रशासन उपशाखा | प्रशासन/लेखा | चौथो/पाँचौ | प्रशासन/लेखा | १ | स्थायी | |
| ८.२ | आर्थिक प्रशासन उपशाखा | बिबिध | चौथा | बिबिध | १ | स्थायी | |
| ८.३ | राजश्व प्रशासन उपशाखा | कर अधिकृत | पाँचौ | विविध, प्रा. | १ | स्थायी | |
| ९ | **आन्तरिक तथा पूर्व लेखापरिक्षण इकाई** | आन्तरिक लेखा परिक्षक सहायक | पाँचौ | प्रशासन/ले.प. | १ | स्थायी | |

*स्रोत: बैजनाथ गाउँपालिका: संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०*

**तालिका २: बैजनाथ गाउँपालिका अन्तरगे थप प्रस्तावित जनशक्ति विवरण**

| क्र.सं. | शाखा/उपशाखा/इकाई | पदनाम | तह | सेवा/समूह | प्रस्तावित दरबन्दी | दरबन्दीको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रशासन योजना तथा अनुगमन शाखा** | | | | | | |
| १.१ | गा.पा. अध्यक्षको सचिवालय | क.अ. | पाँचौ | विविध, प्रा. | १ | स्थायी | |
| १.२ | गा.पा. उपाध्यक्षको सचिवालय | स.क.अ. | चौथो | विविध, प्रा. | १ | स्थायी | |
| १.३ | नगर प्रहरी | प्रहरी सहायक निरिक्षक | रा.प.अनं. चौथो/सो सरह | सुरक्षा | १ | अस्थायी | |
| | | प्रहरी हवलदार | तृतिय | सरक्षा | १ | अस्थायी | |
| | | प्रहरी जवान | जवान वा सो सरह | सुरक्षा | ७ | अस्थायी | |
| २ | **आर्थिक विकास शाखा र कृषि विकास उपशाखा** | | | | | | |
| २.१ | सेवा केन्द्र | कृषि प्राविधिक | चौथो | बाली संरक्षण | २ | स्थायी | |
| २.२ | पशुपंक्षी विकास उपशाखा | पशु प्राविधिक | चौथो | कृ. भेट | ३ | स्थायी | |
| ३ | **वित्त व्यवस्थापन शाखा** | | | | | | |
| ३.१ | आर्थिक प्रशासन उपशाखा | स.क.अ. | चौथो | विविध, प्रा. | १ | स्थायी | |

## ४. गापाको प्रशासनिक खर्चको सिमा (राजश्व बाँडफाँड र आन्तरिक आय)

यस गापामा प्रशासनीक खर्चका लागि बार्षिक सिमा (आन्तरिक आय र राजश्व वाँडफाँडको कुल रकम) रकम रु. ९८ करोड ९४ लाख ५२ हजार रहेको देखिन्छ (आव २०७९/०८० को संशोधन आय अनुसार)। यसर्थ गापाले कुल प्रशासनिक खर्च यस रकमको सिमा भित्र रहेर खर्च गर्न पाउने कानूनी अधिकार देखिन्छ।

**तालिका ३: गापाको प्रशासनीक खर्चको सिमा**

| आय शिर्षक | २०७८/७९ वास्तविक रु | २०७९/८० संशोधित रु | २०८०/८१ प्रस्तावित रु |
|---|---|---|---|
| आन्तरिक श्रोतबाट प्राप्त | ३३२८२००० | ४७८४०००० | ३५०००००० |
| राजश्व | १७२२५२००० | २०२३१६००० | १८४०२२००० |
| राजश्व बाँडफाँडबाट प्राप्त | १३८९७०००० | १५४४७६००० | १४९०२२००० |
| अन्य आय | २०३१००० | १३५४०००० | १०००००००० |
| संघिय सरकारबाट प्राप्त | ५०९१६०००० | ५२७३९८००० | ४८७५००००० |
| प्रदेश सरकारबाट प्राप्त | ३८८५६००० | ४३८८२००० | २९६१३००० |

| कुल आय | ८९४५५१००० | ९८९४५२००० | ८९५१५७००० |
|---|---|---|---|

*स्रोत: बैजनाथ गाउँपालिका: संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०*

## ५. वर्तमान प्रशासनिक खर्च

गापाको वर्तमान प्रशासनिक खर्च कानूनमा तोकिएको सिमाभित्र रहेको देखिन्छ। जस अनुसार हालको बार्षिक खर्च रु. ५४ करोड ७० लाख ३२ हजार देखिन्छ (आ.व. २०७९/८० को संशोधित अनुसार)। यद्यपी यो खर्च अझ कम गर्न सकिने प्राविधिक टोलीको सुझाव छ। यस सम्बन्धी थप विवरण देहाय अनुसार तालिकामा प्रस्तुत छ:

**तालिका ४: गापाको वर्तमान प्रशासनीक खर्चको अवस्था**

| आय शिर्षक | २०७८/७९ वास्तविक रु | २०७९/८० संशोधित रु | २०८०/८१ प्रस्तावित रु |
|---|---|---|---|
| चालु प्रशासनिक खर्च | ४२९१६८००० | ५४७०३२००० | ५३८७५७००० |
| **चालु प्रशासनिक खर्च कुल** | **४२९१६८०००** | **५४७०३२०००** | **५३८७५७०००** |

*स्रोत: बैजनाथ गाउँपालिका: संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०*

## ६. मौजूदा पारिश्रमिक खर्च

गापामा कार्यरत कर्मचारीहरुको समग्र बार्षिक व्ययभार देहाय अनुसार तालिकामा प्रस्तुत छ :

**तालिका ५: कर्मचारीको बार्षिक पारिश्रमिक खर्च**

| शिर्षक | २०७८/७९ वास्तविक रु | २०७९/८० संशोधित रु | २०८०/८१ प्रस्तावित रु |
|---|---|---|---|
| कर्मचारी पारिश्रमिक खर्च | १७१४८५००० | १७३३५५००० | २००८३६००० |
| **कर्मचारी पारिश्रमिक खर्च कुल** | **१७१४८५०००** | **१७३३५५०००** | **२००८३६०००** |

*स्रोत: बैजनाथ गाउँपालिका: संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०*

## ७. प्रस्तावित दरवन्दी तथा जनशक्तिका लागि प्रस्तावित पारिश्रमिक खर्च

पालिकामा व्यवस्थापन गरिने प्रस्तावित दरवन्दी अन्तरगतका कर्मचारीहरुको प्रस्तावित समग्र बार्षिक व्ययभार देहाय अनुसार तालिकामा प्रस्तुत छ :

**तालिका ६: कर्मचारीको बार्षिक पारिश्रमिक खर्च**

| क्र.सं. | पद | संख्या | तह | वार्षिक पारिश्रमिक | अन्य सुविधा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कम्प्यूटर अप्रेटर | १ | पाँचौ | ४६१४९० | | ४६१४९० | |
| २ | सहायक कम्प्यूटर अप्रेटर | २ | चौथो | ८७५४५२ | | ८७५४५२ | |
| ३ | प्रहरी सहायक निरिक्षक | १ | चौथो | ४२७१२८ | ८६०६५ | ५१३१९३ | |
| ४ | प्रहरी हवलदार | १ | तृतिय | ३७०७६० | ८६०६५ | ४५६८२५ | |
| ५ | प्रहरी जवान | ७ | जवान | २३७३४६२ | ६०२४५५ | २९७५९१७ | |
| ६ | कृषि प्राविधिक | २ | चौथो | ८७५४५२ | | ८७५४५२ | |
| ७ | पशु प्राविधिक | ३ | चौथो | १३१३१७८ | | १३१३१७८ | |
| | | **जम्मा** | | | | ७४७१५०७ | |